म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २७१ २०८१ भदौ ८ गते शनिबार 24 August 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लेखित दायित्व निर्वाह गरी नागरिकताको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आँबुखैरेनी बस दुर्घटना

# २७ भारतीय पर्यटकको मृत्यु



पोखराः भैरहवा, पोखरा हुँदै पशुपतिनाथसम्म यात्रामा निस्किएका भारतीय पर्यटक सवार बस आँबुखैरेनीमा दुर्घटना हुँदा २७ जनाको मृत्यु भएको छ । भारतको गोरखपुर हुँदै नेपालको धार्मिकस्थल घुम्न निस्केका पर्यटकहरु सवार बस तनहुँको आँबुखैरेनी गाउँपालिका वडा नम्बर २ ऐना पहरा नजिकैबाट मर्स्याङ्दीमा खसेको हो ।

चार धाम (बद्री, केदार, गया, काशी) घुमेर फर्किएपछि नेपाल घुम्न निस्किएका ९६ जनाको टोली पोखरा आइपुगेको थियो । नेपालको प्रशिद्ध धार्मिकस्थल मुक्तिनाथदेखि पशुपतिनाथसम्म दर्शन गर्ने योजनाअनुरुप यूपी ५३ एफटी ७६२३ नम्बरको बस भदौ ४ गते बेलहिया नाकाबाट ८ दिनको रुट परमिट लिएर नेपाल भित्रिएको थियो ।

पोखराको होटल स्पोर्ट्स र पोखरा इन होटलमा बाँडिएर बसेर उनीहरु २ दिन पोखरा घुमेर मुक्तिनाथ भने गएनन् । शुक्रबार बिहानै पशुपतिनाथ दर्शन गर्न काठमाडौं लागे । भारतको इलाहबादका प्रशान्त भंगाडे भन्छन्, 'चार धामको तीर्थयात्रा गरियो, त्यसपछि नेपालका धार्मिकस्थल घुमेर फर्किने योजना बनाइयो। तर सबैजना हुन त पाएनौं, आँखामा टिलपिल आँसु लिएर फर्किनुपर्ने भयो ।'

भारतको महाराष्ट्रदेखि इलाहबाद हुँदै सँगै तीर्थयात्रा र नेपालको भ्रमण गरेर रोमाञ्चित भएर फर्किने योजनासहित दुई गाडीमा पोखराबाट काठमाडौं लागेका उनीहरु चढेको एउटा गाडी आँबुखैरेनी त्रिशुली नजिकै मर्स्याङ्दीमा खसेको हो । गाडीमा सवार ४३ मध्ये १६ जनाको उपचार भइरहेको छ । उनीहरुमध्ये धेरैको अवस्था चिन्ताजनक छ। २७ जनाले ज्यानै गुमाएका छन् । आँबुखैरेनी-२ को ऐनापहाराभन्दा १ सय मिटर वरको घुम्ति कट्नेबित्तिकै सिधा बाटो आउनेबेलामै सडक सुरक्षाका लागि क्र्यास व्यारिएर भत्काउँदै मर्स्याङ्दीमा खसेको हो ।

गोरखपुरबाट केशरवानी परिवहन ट्राभल्सबाट यात्री र चालक, सहचालकसहित नेपाल छिरेका उनीहरु सबैसँगै घर फर्किन त पाएनन्, बाँचेकाहरुलाई पनि जीवनभर नमेटिने घाउ लागेको छ। अहिले शवलाई आँबुखैरेनी अस्पतालमै पाल ओछ्याएर राखिएको छ। अर्को गाडीमा रहेका आफन्त कोही अस्पताल त कोही बाहिर आलापबिलाप गरिरहेका छन् । दुर्घटना लगतै उद्दार सुरु गरिएको थियो । त्यसमध्ये पनि बाँच्न सक्ने आशमा १६ जनालाई नेपाली सेनाको हेलिकप्टरमार्फत २ खेप लगाएर उपचारका लागि काठमाडौं पठाइएको तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिए ।

'भारतीय पर्यटक चढेको गाडी मर्स्याङ्दीमा खसेको खबरले बिहानैदेखि विक्षिप्त त बनाएकै थियो, तर यति ठूलो क्षति होला भन्ने थिएन,' तनहुँका सिडिओ गौतमले भने, 'दिनभर लगाएर सबैको उद्दार त गर्‍यौं तर २७ जनालाई बचाउन सकेनौं ।' पछिल्लो समय पोखरामात्रै होइन, नेपालकै पर्यटन क्षेत्रमा ठूलो योगदान भारतीय पर्यटकले दिइरहेका छन् । आफ्नै गाडी लिएर नेपाल आउने क्रम बढिरहेका बेला भएको घटनाले नेपाललाई ठूलो आर्थिक क्षति पुग्ने देखिएको र भारतलाई यो घटनाले विक्षिप्त बनाएको उनको भनाइ थियो । दुर्घटनाको खबरसँगै भारतीय दूतावासले पनि चासो देखाउँदै घटनास्थलमै उपस्थित भएर समन्वय रहेको उनले बताए ।

घाइते र मृतकलाई आँबुखैरेनी अस्पताल लगिएको थियो। घाइतेलाई नेपाली सेनाको हेलिकप्टरमार्फत उपचारका लागि शिक्षण अस्पताल पठाइएको छ । मृत्यु हुनेहरुको शव पोस्टमार्टमका लागि पोखरा कि भरतपुर लैजाने भन्ने लामो समय निर्णय हुन सकेको थिए । भारतीय कन्सुरल कार्यालय समेत रहेकाले पोखरामा पोस्टमार्टम गरेर शव आफन्त तथा परिवारलाई बुझाउने भनिएपनि नजिक पनि भएकाले भरतपुर लैजाने निर्णय भएको तनहुँका सिडिओ गौतमले जानकारी दिए ।

भरतपुरमा शनिबार पोस्टमार्टम गरेर शव बुझाउने तयारी भएको उनले जानकारी दिए । घाइतेमध्ये पहिलो खेपमा १२ र पछिल्लो खेपमा ४ जना काठमाडौं पठाइएको छ। मृत्यु भएकामध्ये २६ जनाको पहिचान भएको छ भने १ जनाको पहिचानसमेत खुल्न नसकेको सिडिओ गौतमले बताए । *स्रोतः अनलाइनखबर ।*

## संसदीय समितिमा सांसदको चासो

# कम, बागमती प्रदेशसभा प्रभावित

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका सांसदहरुको चासोमा संसदीय समितिको विषयहरु पर्न सकेको छैन । सांसदहरुको चासो कम पर्दा संसदीय समितिको बैठक राख्न संसद सचिवालयलाई हम्मेहम्मे नै परेको देखिन्छ ।

समितिका बैठक सञ्चालन हुन नसक्दा प्रदेशसभा बैठक नै प्रभावित भएको छ । समितिले बाँकी विधेयकहरुको छलफल सकेर प्रतिवेदन पेश गरेको खण्डमा प्रदेशसभा बैठक सञ्चालनको बाटो खुल्ने बागमती प्रदेशसभा सचिवालयले जनाएको छ । तर, सो विषयमा सांसदहरुले गम्भिरताका साथ नलिँदा समस्या भएको सचिवालयको भनाइ छ ।

प्रदेशसभामा रहेका प्रदेश मामिला समिति, विशेषाधिकार समिति, अर्थ तथा विकास समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति, उद्योग, पर्यटन तथा वातावरण समितिमा गत असारमा सभापतिहरुको निर्वाचन भएको थियो । सोपश्चात् समितिको सक्रियता केही बढे पनि पर्याप्त मात्रामा अघि बढ्न सकेको छैन ।

संसदलाई चलायमान र क्रियाशील बनाउने, सार्वभौमिकताको प्रयोग गर्ने वैधानिक एवम् विशिष्टीकृत इकाई संसदीय समिति हुन् । संसदीय समितिलाई 'मिनी पार्लियामेन्ट' पनि भनिन्छ। संसदीय समितिले संसदको अधिकार प्रयोग गर्दै निर्वाचन क्षेत्रको प्रतिनिधित्व, कानुन निर्माण र निगरानीजस्ता क्रियाकलापहरु गर्दछन् ।

सार्वजनिक स्रोत साधनको सदुपयोग र सुशासन, जवाफदेहिता र राज्यको प्रभावकारिता बढाउने प्रमुख उद्देश्यसहित समितिले वर्कसपका रुपमा काम गर्ने गर्दछ। तर, बागमती प्रदेशसभाका सांसदहरुलाई संसदीय समितिका बारेमा चासो नपर्दा समितिको बैठक नै बस्न सकेको छैन ।

गत साउन १५ मा मुख्यमन्त्री बहादुर सिंह लामाको विश्वासको मतसम्बन्धी प्रस्तावमाथि छलफलका लागि आह्वान भएको प्रदेशसभा बैठकको मौका पारेर ६ मध्ये २ वटा संसदीय समितिको बैठक बसेको थियो। त्यसयता कुनै पनि संसदीय समितिको बैठक बस्न सकेको छैन ।

बैठक राख्न प्रदेशसभा सचिवालय र संसदीय समितिका सचिवहरुले पहल गरे पनि सांसदहरुले चासो नदिँदा समस्या भएको हो । विषेशगरी सांसदहरुले प्रदेशसभा बैठककै छेकोमा संसदीय समिति बैठक माग गर्ने गरेको प्रदेशसभाका एक कर्मचारीको भनाइ छ। संसदीय समितिको बैठकबारे सांसदहरुले अनुकूलता बुझ्न सम्पर्क गर्ने क्रममा उनीहरुबाट संसद बैठक आह्वान भएको आसपास समितिको बैठक राख्न माग गर्ने गरेको ती कर्मचारीले जानकारी दिनुभयो ।

**'अहिले समितिका बैठकहरु सञ्चालन गरेर वार्षिक कार्ययोजना निर्माण, अध्ययन, अनुगमन, भ्रमण तथा नयाँ विषयमा सरकारलाई निर्देशित गर्न छलफल गर्नुपर्ने हो', सचिव खड्काले भन्नुभयो- 'यसले संसदीय समितिलाई गतिशीलता प्रदान गर्छ । सोहीअनुसार सचिवालय अघि बढेको छ ।'**

उहाँका अनुसार संसदलाई क्रियाशील बनाउने, निर्देशित गर्ने थलोमा नै सांसदहरुको चासो पर्न नसक्दा समस्या भएको हो । सरकारले संसदलाई नयाँ बिजनेश नदिएका बखत समितिले सक्रियता देखाएर काम गर्नुपर्ने भए पनि सो विषयमा सांसदहरुले ध्यान दिन नसकेको उहाँको भनाइ छ । सरकारले पठाएका विधेयकहरुमाथि छलफल गरेर प्रतिवेदन तयार गरी पुनः संसदमा पेश गर्नुपर्ने भए पनि समितिको बैठक बस्न नसक्दा काम अघि बढ्न नसकेको उहाँले बताउनुभयो ।

'अहिले संसदमा नयाँ विधेयक आएको छैन । त्यसो हुँदा संसद बैठक बस्ने अवस्था पनि छैन । तर, संसदलाई सक्रिय र निर्देशित गर्ने थलो समितिहरु हुन् । समितिको बैठक बसेर सरकार र संसदलाई निर्देशन गर्नसक्ने अधिकार छ', उहाँले भन्नुभयो, 'केही विधेयकहरु पनि छलफलको क्रममा रहेका छन् । त्यसको प्रतिवेदन पनि तयार गरेर संसदमा पठाउनुपर्ने हुन्छ । सो विषयमा समितिको बैठक बस्नु नै पर्छ । तर, अधिकांश सांसदहरु संसद आह्वान भएकै बखत आसपासमा समितिको बैठक राख्न माग गर्नुहुन्छ ।'

आगामी भदौ ९ गते समितिको बैठक राख्ने तयारी सचिवालयले गरेको भए पनि अधिकांश सांसदले नराख्न सुझाव गरेको उहाँले बताउनुभयो। १० गते कृष्ण जन्माष्टमी, ११ गते भीमसेन जात्रा रहेकाले उपत्यकाका अधिकांश सांसदहरु उपस्थित नहुने भएपछि समितिको बैठक राख्ने विषयमा छलफल भइरहेको उहाँले बताउनुभयो ।

समितिको बैठक राख्ने विषयमा समितिका सभापतिले नै संसद बैठक कुर्न आग्रह गरेको प्रदेशसभा सचिवालयका अर्का कर्मचारीले बताउनुभयो । सभापति नै सकारात्मक नभएपछि सचिवालय र सभामुखले मात्र बल गरे बैठक बस्न सक्ने अवस्था नरहने उहाँको भनाइ छ । बैठक आह्वान भए पनि गणपूरक संख्या पुर्‍याउन नै समस्या हुने उहाँले बताउनुभयो ।

उहाँका अनुसार समितिमा रहेका कामहरु सकेर नयाँ ढंगबाट अघि बढ्ने प्रदेशसभाका सभामुख भुवनकुमार पाठकको तयारी रहेको र सोहीअनुसार भदौ १२ पछि बैठक राख्ने तयारीमा सचिवालय पुगेको छ। सभापतिहरुलाई सकारात्मक बनाउने र गणपूरक संख्या पुर्‍याएर बैठक सञ्चालनको तयारी रहेको उहाँको भनाइ छ ।

'संसदीय समितिको काम, कर्तव्य र अधिकार तथा महत्वका विषयमा सांसदहरु गम्भिर हुन सकेका छैनन्', ती कर्मचारीले भन्नुभयो, 'यस अवधिका बैठकमा उपस्थित हुन नसक्ने भन्दै प्रदेशसभाका १० जना सांसदहरुले बिदाका लागि प्रदेशसभा बैठकमा निवेदन नै दर्ता गराएका छन् भने विधेयक नभएको तथा विपद् तथा निर्वाचन क्षेत्र केन्द्रित कार्यक्रम रहेकाले बैठकमा उपस्थित हुन समस्या देखाउने गरेका छन् ।'

प्रदेशसभाका सचिव कृष्णहरि खड्काका अनुसार अहिलेको अवस्थामा संसदीय समितिको बैठक बस्न जरुरी छ। भदौ १७ पछि संसद बैठक बस्ने अवस्था न्यून रहेको र असोजमा चाडपर्व र अधिवेशन अन्त्यको चरणमा रहने उहाँले बताउनुभयो । संसदमा नयाँ विधेयक नभएको अवस्थामा पुराना विधेयकका विषयमा छलफल गरेर टुंग्याउनुपर्ने उहाँले बताउनुभयो । भदौ १५ भित्र समितिका सबै काम सकेर संसद बैठक राख्न सके राम्रो हुने उहाँको भनाइ छ। सो विषयमा सभामुखसँग पनि छलफल भएको र समितिका सचिवहरुलाई निर्देशन गरेको उहाँले बताउनुभयो ।

'अहिले समितिका बैठकहरु सञ्चालन गरेर वार्षिक कार्ययोजना निर्माण, अध्ययन, अनुगमन, भ्रमण तथा नयाँ विषयमा सरकारलाई निर्देशित गर्न छलफल गर्नुपर्ने हो', सचिव खड्काले भन्नुभयो- 'यसले संसदीय समितिलाई गतिशीलता प्रदान गर्छ । सोहीअनुसार सचिवालय अघि बढेको छ ।'

# प्रदेशका ५ जिल्लामा दुई विदेशीसहित ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको पाँच जिल्लामा विभिन्न घटनामा परी दुई विदेशी नागरिकसहित ६ जनाको मृत्यु भएको छ। नुवाकोटमा दुई जना, चितवन, सिन्धुपाल्चोक, धादिङ र रसुवामा एक-एक गरी छ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

बिहीबार नुवाकोटको किस्पाङ गाउँपालिका-५ स्थित पोखरीगाउँमा भीरबाट लडेर एक वृद्धाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही ठाउँकी ८० वर्षीया मसिना नगरकोटी रहेको प्रहरीले जनाएको छ ।

बिहान ८ बजेको समयमा घरबाट १० मिटर पश्चिमतर्फ रहेको भीरबाट १० मिटर तल खसेर वृद्धाको मृत्यु भएको हो । वृद्धाको लडेर मृत्यु भएको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएर दिउँसो १ बजेर ५० मिनेटको समयमा शवलाई मुचुल्कापश्चात् पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुलीमा ल्याइएको थियो । बिहीबार दिउँसो ४ बजेर ३० मिनेटमा आफन्तले शव बुझेर लगेको प्रहरीले जनाएको छ ।

बिहीबार नै नुवाकोटको बेलकोटगढी नगरपालिका-१० स्थित आङ्गेटोलमा एक पुरुष मृत भेटिएका छन् । मृत फेला पर्नेमा बेलकोटगढी-१३ स्थित पाखुरेका ५५ वर्षीय शैलेन्द्र तामाङ रहेको प्रहरीले जनाएको छ ।

मानसिक बिरामी तामाङ घरको खाटमा मृत अवस्थामा फेला परेका हुन् । तामाङको शवलाई दिउँसो ३ बजे मुचुल्कापश्चात् पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुलीमा लगिएकोमा ४ बजेर २० मिनेटको समयमा परिवारले शव बुझेको प्रहरीले जनाएको छ ।

रसुवाको गोसाइँकुण्ड गाउँपालिका-४ स्थित रिम्चेमा पहिरोमा आएको ढुङ्गाले लागेर बिहीबार एक विदेशी नागरिकको मृत्यु भएको छ । मृत्यु हुनेमा फ्रान्सका २८ वर्षीय नागरिक मइल्ली लगेश रहेको प्रहरीले जनाएको छ। उनको घटनास्थलमै मृत्यु भएको हो ।

यस्तै, बिहीबार दिउँसो ३ बजेको समयमा धादिङको थाक्रे गाउँपालिका-१० स्थित जुँगेखोलामा एक पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सोही ठाउँका ६९ वर्षीय भीमबहादुर तामाङ रहेको प्रहरीले जनाएको छ ।

महेशखोलास्थित पानी घट्ट चलाउन गएका तामाङ घर फर्केर नआएपछि आफन्तले प्रहरीमा खबर गरेका थिए । स्थानीय र प्रहरी मिलेर खोजतलास गर्ने क्रममा शुक्रबार बिहान २ बजे वडा नम्बर ७ सातकिल्लास्थित खोलामा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

बिहीबार बिहान चितवनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारका क्रममा एक भारतीय नागरिकको मृत्यु भएको छ । भारतको राजस्थान घर भई हाल देवघाटस्थित बागेश्वरी फिजियोथेरापीमा बस्दै आएका ४५ वर्षीय मगर राम भायलको मृत्यु भएको हो ।

एक्कासी छाती दुःखेर उपचारको लागि अस्पतालमा लगिएकोमा बिहान ८ बजे डाक्टरले मृत घोषणा गरेका हुन् । मृतक राम नेपालमा बोरिङको काम गर्ने बुझिएको प्रहरीले जनाएको छ ।

यस्तै, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-९ स्थित देउरालीमा एक वृद्धा मृत अवस्थामा भेटिएकी छिन् । सोही ठाउँकी ८० वर्षीया कृष्णकुमारी गिरी घरमा सुतिरहेको अवस्थामा मृत भेटिएकी हुन् ।



# 'आँखा छोपी'

**पुस्तक समीक्षा**



**सुप्रीम दाहाल**

मैले पढेको पुस्तकको नाम आँखा छोपी हो। यस पुस्तकको लेखक श्यामकृष्ण खुलिमुली हुनुहुन्छ । यो पुस्तक २०७३ साल पुस मा २०० प्रति कथालय इनक , काठमाडौ नेपाल द्वारा प्रकासनमा ल्याएको हो। यो पुस्तकमा जम्मा १६ वटा पन्नाहरु रहेको छन्। यस्मा एउटा मात्र कथा चित्र सहित समावेश गरिएको छ। यो कथा को शिर्षक आँखा छोपी रहेको छ ।

यो किताबको आईएसबिएन नम्बर ९७८-९९३७-६६९-३६-८ हो । यो पुस्तकमा बालबालिकहरुलाई मनोरञ्जनात्मक विषयमा लेखियको छ। यो पुस्तक पढ्नलाई मलाई धेरै समय लागेन यो पुस्तकमा भाषा वा शब्दहरु पढ्न र बुझ्न सजिलो छन् । यो पुस्तकमा धेरै कुराहरु भन्न खोजिएको छ । जस्तै हामीले अन्जानमा गरेको गल्तीलाई स्वीकार गरी माफ माग्नु पर्छ । माफी मागेर नै सम्बन्ध बलियो हुने, आपसमा मिलेर बस्न सकिने, साथि बनाउन सकिने कुराहरु र विभिन्न जनावरको बच्चलाई के भनिन्छ सबै कुराको ज्ञान पनि यस पुस्तकमा दिन खोजेको छ ।

मलाई यस पुस्तकमा सबै भन्दा राम्रो लागेको पक्ष बाघको बच्चा डमरु जङ्गेलाई गल्तीले अरुलाई समातेर आँखा छोप्दा जङ्गे रिसाएको र पछी अरु साथीहरूले जङ्गे सङग माफी मागेर साथी बनेर सङगै खेलेको राम्रो लाग्यो ।

यो पुस्तक आफु भन्दा साना र आफुजस्तै साथिहरुलाई पढ्न सुझाव दिन चाहन्छु । यो पुस्तकको कथा ज्ञानवर्धक रहेकोले कथा पढ्न रुचाउने सबैको लागी यो पुस्तक पढ्न सल्ला दिन चाहन्छु ।

*कक्षा-४, बाल जागृति इङ्लिश सेकेन्डरी स्कुल, हेटौँडा-२*

# मानिस हराएको दिन




**सिजम खत्री**

यो किताब आमोद दाहालद्वारा लिखित अति नै गहन साहित्यिक कृति हो। लेखकले यस पुस्तकमा कसरी मानिसहरु बसेको पुरै उपत्यका प्राकृतिक घटनाले लोप भएर गयो र त्यहाँ बस्ने अरु जनावर र प्राणीलाई कस्तो असर पर्न गयो भन्ने कुरालाई एकदमै रोचक तथा सरल तरिकाले कथा मार्फत व्यक्त गरेका छन्। काठमाडौँ पब्लिकेसनले २०७८ मा पहिलो पटक प्रकाशनमा ल्याएको यो पुस्तक पुन: दोस्रोपटक २०८० मा पनि प्रकाशित भएको छ ।

मानिस हराएको दिन कथा भित्र जम्मा २२ वटा उप-शीर्षकहरू रहेका छन्। जसले पुरै किताबको समग्र कथालाई प्रतिनिधित्व गर्दै कथालाई टुङ्ग्याएका छन् । लेखकले कथाको सुरुवात एउटा उराठ लाग्दो प्राकृतिक घटनालाई आधार बनाएर नाम नभएको उपत्यकालाई बेनाम उपत्यकाले सम्बोधन गर्दै क्रमश एकपछि अर्को घटनाहरू कसरी घट्दै गए र घटनापछि कसरी पुरै उपत्यका सुनसान भयो अर्थात् मानिस बिनाको ठाउँ मात्र बाँकी रह्यो भन्ने कुरा कथाका पात्रहरू ध्रुवे, चंखे लगायतका पात्रहरुले मानिसलाई खोज्दै जाने क्रममा कथा अघि बढ्दै गएका छन्। यिनै पात्रहरूको संवाद र पेरिफेरीमा कथा रोचक र रहस्यमय बन्दै गएको छ।

कतिपय अवस्थामा कथामा आवश्यकताभन्दा बढी पात्रहरूको प्रयोग भएको छ। ती पात्रहरूले कतैकतै कथालाई अलमल समेत पारेको पाइन्छ । कथामा प्रयोग भएका पात्रहरू गाई, गोरु, ढेँडुका दाजुभाइ, बुढो गोरु, घरपालुवा कुकुर, सडकको कुकुर, बिरालाहरु, मुसाहरू, गिद्द, बकुल्ला लगायतका अन्य जनावर पात्रहरू कथाभित्रका मुख्य र सहायक पात्रका रुपमा प्रयोग भएका छन्। यिनै पात्रहरूको

**पुस्तक समीक्षा**




संवादद्वारा नै कथालाई मानवीयकरण गर्न खोजिएको छ ।

समग्रमा कथाको मूल मर्म भनेको मानिसहरू हुँदाको बेनाम उपत्यका र मानिसहरू नहुँदाको बेनाम उपत्यकामा ती कथाका पात्रहरूमा कस्तो प्रभाव पर्‍यो र कसलाई के फाइदा भयो र कसलाई के कति नोक्सान भयो भन्ने कुराको वर्णन गर्दै कथामा पात्रहरुद्वारा जस्तै बकुल्ला परेवा आदि सहायक पात्रहरुले बोलेको संवाद र उनीहरुको क्रियाकलापबाट थाहा हुन्छ ।

निरन्तर रूपमा कथा अघि बढिरहँदा कतिपय सन्दर्भमा बेनाम उपत्यकाबाट मानिसहरू गायव भएको अवस्थामा त्यस उपत्यकाले आफूलाई प्राकृतिक रुपले सुन्दर बनाउन सकेको, प्राकृतिक स्वच्छता जोगिएको र प्रकृतिमा रमाउनुपर्ने हरेक जीवजन्तुहरुले स्वतन्त्र हुन पाएको विषयवस्तुलाई अर्थ्याएको छ। यस अर्थमा प्रकृति स्वयम्लाई फाइदा पुगेको छ। प्रकृतिले नौलो रूप पाएको छ र सबै जीव जनावरहरू प्रकृतिमा आफ्नो स्वभाव अनुसार उफ्रन खेल्न र विचरण गर्न पाएको छ ।

त्यस्तैगरी मानिसबिनाको त्यस उपत्यकामा केही जीव-जनावरहरूलाई भने उदास र दु:खी समेत बनाएको देखिन्छ । यहाँ प्रयोग भएका विभिन्न जनावर पात्रमध्ये कुकुर, बिरालो र मुसाहरूलाई भने मानिस नहुँदा बाँच्नको संकट, खानको संकट, बस्नको संकट, त्यस्तै सुरक्षाको समेत संकट रहेको कुरा यस कथामा देखाइएको छ । र मानिस नहुँदा मानिससँगै घुलमिल भएर बस्नुपर्ने त्यस्ता जनावरहरु कुनै दिन त्यस उपत्यकामा मानिसहरु अवश्य फर्केर आउनेछन् भन्ने आशाले ती गायब भएका मानिसहरूका घरहरू कुरेर ती जनावरहरू बसेको अवस्थालाई पनि देखाइएको छ ।


यसरी मानिस बिनाको त्यो बेनाम उपत्यकाका दु:खी जीवजन्तुहरू मान्छेको माया नपाएपछि हिंस्रक बन्न पुगेका केही जनावरले त्यस गाउँ नै छोडेका र केही जनावरले भने आफैँले घर बनाएर बस्न थालेका प्रसङ्गहरु उल्लेख भएको छ। यस कथामा प्रयोग भएको चङ्खे बाँदर भने मानिसको खोजीका लागि बेनाम उपत्यकाबाट बाहिर पुगेको समेत देखाइएको छ। यस कथाको सुरुवातदेखि नै सक्रिय भएर आएको ध्रुवे बाछो यस कथाको मुख्य पात्र पनि हो। कथाको सुरुवात त्यसै ध्रुवेबाट भएको हो भने कथाको अन्त्य पनि त्यही ध्रुवे बाछोले गरेको आत्महत्याबाट यस कथाले वियोगान्त अवस्थालाई देखाउँदै कथाको अन्त्य भएको छ ।

*कक्षा-८, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*







**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल**
**हेटौँडा-४**





**पूर्णिमा बिक**
**कक्षा-७, रेडरोज इंग्लिस बोर्डिङ स्कूल, हेटौँडा-१६**





**अणराज लामा**
**कक्षा-८, निर्मल मावि, हेटौँडा-१९**

# चित्रकला








**सुबोध खनाल**
**कक्षा-५, जेनिथ मावि**
**हेटौँडा-५**





**आरोग्य श्रेष्ठ**
**कक्षा:- ४, सोलिड्यारिटि ईन्टरनेशनल एकेडेमी स्कूल, हेटौँडा-१०**





**दिपासना थापा**
**कक्षा:- १०, जिएस निकेतन**
**हेटौँडा-५**





**दिपसन अर्याल**
**कक्षा:- ६, सोलिड्यारिटि ईन्टरनेशनल एकेडेमी स्कूल, हेटौँडा-१०**

# कल्पित प्यासी



भवानी सापकोटा

आज राति सपनीमा आयौ तिमी
वर्षौंको झल्को मेटायौ तिमीले
दुवै ढुकढुकीलाई स्फुरण गराई
अतृप्त भोगको प्यासमा डुबाई बिलायौ किन ?

खै कस्तो विवशता र बाध्यताको सृजना गरायौ तिमीले
वाचा बन्धन भुलाई आफैँलाई अन्जान बनायौ तिमीले
तगारोमा छेस्किनी लगाएछौ, हाइ, हेल्लो पनि छैन अहिले त
बिना गल्ती मलाई यति टाढा किन गरायौ तिमीले ?

प्रेम र घृणामा बितेका ती पल याद दिलाउँछौ तिमीले
आफूमा हराई तिमीसँगै कल्पित यात्रा गराउँछौ तिमीले
चोखो प्रेमलाई तिरस्कारको पात्र बनाएर
बिच बाटो मै छोडी अर्कैसँग रासलीला किन रचायौ तिमीले ?

सुन्दै छु, सुन्दर संसार सजायौ रे तिमीले
एक एक गर्दै प्रगतिको खुड्किलो उकाल्यौ रे तिमीले
सुख दुःखको यथार्थमा सहयात्री बनाउँछु भन्थ्यौ मलाई
झुटो आशाको शिखर किन चुलायौ तिमीले ?

संसार त मेरो पनि सजिएको छ, समाई हात तिमीले
गृहस्थी त मेरो पनि बसेको छ, बास गर्छौ तिमीले
जीवन भोगाईको समागममा सम्झौताले बाँध बाँधेको छ
सम्झौताको बाँधलाई पाखा लगाई किन राज गर्छौ तिमीले ?

आज राति सपनीमा आयौ तिमीले
वर्षौंको झल्को मेटायौ तिमीले
दुवै ढुकढुकीलाई स्फुरण गराई
अतृप्त भोगको प्यासमा डुबाई किन बिलायौ तिमीले ?

*हेटौंडा-१०*

# मेरो मनको भावना



नितिका ढकाल

चरा जस्तै प्रकाशमा उड्न पाए त
चन्द्रमा जस्तै लाखमा एक हुन पाए त
मलाई पनि आजभोलि एक्लै बस्न मनपर्छ
तारा जस्तै हजारौंमा हुन पाए त

वर्षायामको झरी जस्तै वर्षीरहन मन छ
सूर्यको किरण बनेर सबै जगत उज्यालो पार्न मन छ
आकाश घर्ती सबैको चित्त बुझाउन गाह्रो
यो संसार आफ्नै तरिकाले चलाउन मन छ

यो लामो सडकमा गाडी नगुड्ने भए
हरियो किराबाट पुतली नबन्ने भए
यी बीचको अन्तरसम्बन्ध धेरै नै गाढा छ
हिमालबाट हिउँ पग्लेर नदी नबन्ने भए

ताराहरू सधैँ चम्की रहन्छ
सूर्यको किरणले उज्यालो दिइरहन्छ
आपसी सद्भाव हाम्रो कर्तव्य हो
पानीको थोपा थोपाले सागर पनि बन्छ

*कक्षा-९, रेडरोज इंग्लिस बोर्डिङ्ग स्कूल, हेटौंडा-१६*

# Enjoy and Smile"



Utsav K.C.

Enjoy! Just enjoy your life
Enjoy in every happiness today
Enjoy the dark tonight
Enjoy just enjoy the life
It is possible when we are alive
Enjoy and ready to joy the moments that comes on the way

Enjoy if you smile,
Enjoy if other smile
Enjoy if you did something good
Enjoy when you feel better than yesterday
Enjoy if you made other feel better way
Enjoy just enjoy every moments of life

Enjoy the air blowing around you
Enjoy the music of rivers and rain
That faded away our pain
Enjoy the songs of birds
Rather noise of humans
Enjoy the hide and seek of Moon with cloud
Enjoy the nature around are aloud
Enjoy your life with the fullest
Fine some time to self and for rest

Smile, saying I enjoyed, I am enjoying
Smile, remembering your enjoying
Smile, the moment of happiness
Smile, on your hard work, success no matter highs and lows
Smile, that you never let it goes

*Grade-9, Baljyoti Secondary School, Hetauda -5*

## गाउँखाने कथा

१. बत्तीस घरमा दुई थरका छन्–चार सिकारी दाउ हेर्छन्, बाँकी अठ्ठाइस जाल बुन्छन् । यसरी खेल खेल्छन् ।
- बाघचाल

२. बस्न हिँड्छ खेल्छ तर बोल्न सक्दैन । बस्छु हिँड्छु खेल्छु बोल्न सक्दिन, दिनभरि उसलाई छाड्न सक्दिन ।
- छायाँ

३. फल्दा पनि फल्दैन, फुल्दा पनि फुल्दैन नभएनी हुँदैन ।
- नून

४. फल्दो र फुल्दो झयापझ्याप्ती झुल्दो ।
- उन्यू

५. फल्दा म जान्दिनँ सेतै फुलिदिन्छु, अचार, तरकारी जे बनाऊ मीठो हुन्छु ।
- कोइरालो

# प्यारी नानी



निमिस्का थापा

म आमाकी प्यारी नानी
उहाँकी आँखाकी नानी
म रुँदा मलाई फकाउने
मैले सधैँ काममा सघाउने
सधैँ मलाई खुसी बनाउने
आफ्नो जान दिने मेरी आमा
मलाई बच्चामा खेलाई खेलाई खुवाउने
कहानी सुनाएर खुवाउने

मेरा लागि प्राण दिने मेरी आमा
मलाई खुसी राख्ने मेरी आमा
म आमाकी प्यारी नानी
म हुँ सानी

*कक्षा-६, नवोदय शिशु सदन, हेटौंडा-४*

# खुल्ला आकाश



आरोशी दुङ्गाना

स्वतन्त्र भई बसेको छ यो सुन्दर आकाश
उज्यालो निलो बादल साथी चलेको बतास
चराहरु स्वतन्त्र भई आकाशमा उडेको
पानी पर्न लागेको देख्दा प्रकृति नाचेको

हेर न साथी त्यो खुल्ला निलो आकाश रमायो
रातमा तारा लिएर साथ चम्किलो देखायो
मनको भाव हर्षले भर्यो त्यो दृश्य भरेको
बादल पनि रमायो हेर हावामा उडेको

चन्द्रमा घाम हावा र पानी साथमा रहेको
आकाश शान्त खुल्ला पो देख्दा यो मन रमाको
स्वतन्त्र भइ बसेको छ यो सुन्दर आकाश
उज्यालो निलो बादल साथी चलेको बतास

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# साताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ने हुन्छ । नियमित र व्यवहारिक खर्च बढ्न सक्छ । वैदेशिक प्रयोजनबाट लाभ प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक छ । अरुमाथि विश्वास नगर्दा राम्रो रहन्छ । मातापिता र वयोबृद्ध व्यक्तिबाट आशिर्वाद प्राप्त होला । परीक्षा र प्रतियोगिताका काममा सरिक भइएला ।

**वृष राशि**: राज्यपक्षबाट विशेष लाभ र सफलता प्राप्त होला । शिक्षादीक्षा र ज्ञानगुनका क्षेत्रमा खट्नेले समेत प्रतिष्ठामा वृद्धि प्राप्त गर्नेछन् । ठूलाको सहानुभूति र शुभाकाङ्क्षा प्राप्त हुनेछ । भोगविलासका काममा रमाइएला । प्रयासले काममा सफलता प्राप्त होला । धार्मिक, सामाजिक एवं राजनैतिक काममा सरिक भइएला ।

**मिथुन राशि**: व्यक्तित्व, प्रतिष्ठा र कार्यक्षमताका दृष्टिले समय फलदायी छ । कार्यक्षेत्रका समस्याहरु समाधान होलान् । मातापिताको स्वास्थ्यमा सुधार हुनेछ । कुनै महङ्गो उपकरणको खरिद होला । आन्तरिक तिर्सना र भोगविलासप्रति झुकाब बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ । सामाजिम र धार्मिक कृत्यमा सरिक भइने छ ।

**कर्कट राशि**: नियम र अनुशासन पालन गर्दा राम्रो रहन्छ । धार्मिक एवम् दार्शनिक काममा आकर्षण बढ्नेछ । कामहरु पूरा हुने समय योग छ । सामाजिक काममा सरिक भइने समय योग छ । आम्दानीको मार्गमा बढोत्तरी होला । छर–छिमेकको काममा खट्नु पर्ने समय छ । अध्ययन–अध्यापनका काममा मन जाने समय योग छ ।

**सिंह राशि**: धेरै बटुल्ने प्रयास नगर्दा राम्रो रहन्छ । दुराशा र महत्वकांक्षालाई थाती राख्दा राम्रो रहनेछ । संयमताका साथ काममा निरन्तरता दिँदा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक नै देखिन्छ । भेटघाटमा समस्या बढ्न सक्छ । पढाइ–लेखाइ भन्दा मनोरञ्जनमा समय व्यतित हुनेछ । धार्मिक यात्रामा सरिक भइएला ।

**कन्या राशि**: मित्रताको बन्धन कसिनुका साथै सुखमा रमाउने समय छ । आत्मीयजनसँग एकान्तमा बसेर भावना साटासाट गर्ने मौका पाइनेछ । कामको चाप र थकाइबाट मुक्त होला । आत्मीय भावनामा वृद्धि हुनेछ । आनन्द र रामरमाइलोमा समय बित्ला । कल्पनारी तर भावुक बन्ने समय योग रहेको छ । धार्मिक एवं सामाजिक क्रियाकलापमा सरिक भइने छ ।

**तुला राशि**: निर्माण व्यवसायी, भवन, श्रमिक तथा साहसी काममा समय व्यतित होला । घर व्यवहार र कार्यक्षेत्रको दैनिकीमा व्यस्त भइएला । आहारबिहारमा ध्यान पुऱ्याउँदा राम्रो रहन्छ । शारीरिक थकान र बेचैनी भने बढ्ने छ । व्यापार–व्यवसायमा चुनौती बढ्ला । धार्मिक एवम् सामाजिक कामले आत्मीक आनन्द प्राप्त होला ।

**वृश्चिक राशि**: प्राविधिक र सीपमूलक क्षेत्रका काममा आकर्षण बढ्ला । ज्ञान र अनुभव बढाएर व्यक्तित्वलाई अपडेट गर्नु समुचित हुनेछ । व्यापार–व्यवसाय ठिकै रहनेछ । धार्मिक एवम् सामाजिक काममा मन जानेछ । प्रतिष्ठा र सम्मानमा बढोत्तरी होला । आत्मबल र हौसलाको काममा पूर्णता प्राप्त प्राप्त हुनेछ । लेखाइ–पढाइ ठिकै रहनेछ ।

**धनु राशि**: शरीर स्वस्थ रहने छ तर चिन्तामा वृद्धि होला । आफन्तको व्यवहारले दिग्दारी बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । भोगविलासका सामग्री खरिद बिक्रीमा समय व्यतित होला । महत्वहीन काममा समय नदिँदा राम्रो । पठनपाठनको क्षेत्रमा सोचे अनुरुप लाभ होला । पारिवारीक समस्यया हल हुनेछ । परिश्रम र बुद्धिले काममा पूर्णता प्राप्त हुने समय छ ।

**मकर राशि**: पराक्रम र उत्साहमा वृद्धि हुनाले विगतमा भएका राम्रा कामको स्मरण हुनेछ । सहयोगीहरुले साथ दिनेछन् । काममा सोचे जस्तै सफलता मिल्ला । परिश्रम र मिहिनेतले आय–आम्दानी बढ्ने समय छ । हाँके ताकेका काममा लाभ हाला । काममा दौडधूप बढ्न सक्छ । धार्मिक र सामाजिक काममा सरिक भइने समय छ ।

**कुम्भ राशि**: कला र साहित्यिक काममा रुची बढ्ने समय छ । नचिताएको धन हातपर्ने समय छ । रोकिएको धनले गति समात्ने समय छ । प्यापार–व्यवसाय मध्यमकारक छ । आफ्नो काममा ध्यान दिने समय योग छ । व्यर्थका काममा नअल्मलिँदा राम्रो रहने समय छ । धार्मिक एवम् सामाजिक काममा सरिम भइने छ ।

**मीन राशि**: नयाँ उत्साह र उमङ्ग जाग्ने समय छ । विजय र सफलताले साथ दिने समय छ । रिसराग र घमण्ड र अहंकारबाट टाढा हुँदा राम्रो रहनेछ । व्यापार–व्यवसाय मध्यमकारक रहनेछ । सम्मान र प्रतिष्ठा कमाइने समय छ । रचनात्मक एवम् सीपमूलक कामबाट लाभ होला । अध्ययन–अध्यपापनबाट लाभ प्राप्त होला ।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


# मन्त्री लामिछानेलाई बालबालिकाको स्थितिपत्र हस्तान्तरण

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेलाई बालबालिकाको स्थितिपत्र हस्तान्तरण गरिएको छ। शुक्रबार बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था बाल हेल्पलाइन (सिविन)ले आयोजना गरेको कार्यक्रममा मन्त्री लामिछानेलाई स्थितिपत्र हस्तान्तरण गरिएको हो ।

स्थितिपत्रमा बागमती प्रदेश र गण्डकी प्रदेशका बालबालिकाले नेपालमा बालबालिकाको अनलाइन सुरक्षा र अधिकार संरक्षणका विषयहरु समावेश गरेका छन्। स्थितिपत्रमार्फत् बालबालिकाले सरकार र इन्टरनेट सेवाप्रदायकहरूलाई सुझावसमेत दिएका छन् ।

बालबालिकाका लागि विद्युतीय स्पेसहरु सुरक्षित बनाउन बालबालिकाले सरकारलाई सुझाव दिएका छन् । हानिकारक सामग्री रोक्न र बालबालिकाका लागि उमेर उपयुक्त सामग्रीहरु इन्टरनेटमा सुनिश्चित गर्न, विद्यालय र कानुन कार्यान्वयन गर्ने निकायहरुको समन्वयमा सचेतना अभिवृद्धि कार्यक्रमहरु आयोजना गर्न बालबालिकाले सुझाव दिएका छन् ।

बालबालिकाले रेडियो, टेलिभिजन र अरु सामाजिक सञ्जालमार्फत् जनसमुदाय र बालबालिकालाई अनलाइन सुरक्षाको बारेमा सचेतना प्रदान गर्न, अनलाइन यौन दुर्व्यवहारका दोषीलाई कारबाहीको दायरामा ल्याउन र अन्य देशसँग कुटनीतिक सहयोग र सम्बन्धको विकास गर्न सुझाव दिएका छन् ।

यसैगरी, बाल यौन दुर्व्यवहारयुक्त सामग्रीहरु इन्टरनेट र समाजिक सञ्जालबाट हटाउन आचारसंहिता वा निर्देशिका बनाउन र देशभरका सबै बालबालिकाका लागि इन्टरनेट सर्वसुलभ र पहुँचयोग्य बनाउन बालबालिकाले सुझाव दिएका छन् । स्थितिपत्रमा बालबालिकाले देशमा अनलाइन सुरक्षाको वर्तमान स्थिति र बालबालिकाले भविष्यमा हेर्न चाहने विषय समेटिएको छ ।

बालबालिकाहरु इन्टरनेट प्रयोग गर्दा कसरी सुरक्षित रहने र इन्टरनेट प्रयोग गर्दाको अधिकार बारे जानकार बनिरहन चाहन्छन् । विद्यालय पाठ्यक्रमको शिक्षण सिकाइमा मात्र व्यस्त नभई अनलाइन सुरक्षासम्बन्धी शिक्षण कार्यक्रममा उपस्थित हुन चाहन्छन् । समुदायका अगुवाहरुले बालबालिकाको इन्टरनेट पहुँचको अधिकार र अनलाइन सुरक्षाको बारेमा सचेतनामूलक गतिविधिहरु सञ्चालन गर्न माग गरेका छन् । नेतृत्वकर्ताहरुले बालबालिकाका अभिभावकहरुसँग इन्टरनेटका विषयहरुमा कुरा गर्न माग गरेका छन् । प्रहरी कार्यालयहरुमा बालबालिकालाई नम्र स्वागतयुक्त वातावरण हुनुपर्ने माग समावेश गर्दै स्थितिपत्रमा बालबालिकाहरु घटनाको उजुरी गर्न आउँदा जवाफदेही बनिदिन माग गरेका छन् ।

सो अवसरमा अन्तरक्रिया कार्यक्रमसमेत भएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका २० वटा सामुदायिक विद्यालयका २० जना विद्यार्थीहरुले प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजाललाई विभिन्न प्रकारका प्रश्न सोधेका थिए । विद्यार्थीहरुले मकवानपुर जिल्लामा अनलाइन सुरक्षाका प्रकार, विभिन्न अनलाइनका घटना, साइबर घटनाहरुलाई रोक्ने योजनालगायतका बारेमा प्रश्न गरेका थिए ।

कार्यक्रममा एसपी रिजालले प्रश्नको जवाफ दिनुहुँदै यस विषयमा बालबालिकासँग अन्तरक्रिया गर्दै आएको र जिम्मेवारीमा अगाडि बढिरहेको बताउनुभयो। विद्यार्थीहरु साइबर जोखिमको समस्यामा नपरुन् भनेर विद्यालयमा कार्यक्रमहरु गर्दै आएको उहाँको भनाइ छ । महिला, बालबालिका र जेष्ठ नागरिकको विषयमा प्रहरी सचेत रहेको उहाँले बताउनुभयो। बालबालिकाको मुद्दा प्रहरी कार्यालयमा आउनेबित्तिकै कानुनी प्रक्रिया अगाडि बढ्ने गरेको उहाँले विश्वास दिलाउनुभएको छ । उहाँले पालिकामा कानुन, अपराध, उजुरी, सडक सुरक्षाका गतिविधिबारे पाठ्यक्रम दिएको बताउनु भएको छ। बालबालिकाले आफ्नो सामाजिक सञ्जालको पासवर्ड बाँढेका कारण धेरै घटनाहरु प्रहरी कार्यालयमा आएको उहाँले बताउनुभयो ।

# बकैयामा बालिकाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-६, सानो ज्यामिरेमा बाटो माथिबाट खसेको ढुंगाले लागेर एक बालिकाको मृत्यु भएको छ । बकैया-६, सातलेस्थित जनश्रम आधारभूत विद्यालयमा १ कक्षामा अध्ययनरत छात्रा सुष्मा थिङको बिहिबार साँझ विद्यालयबाट घर फर्कने क्रममा सिंहपुरभन्दा अगाडिको उकालो बाटोमा ढुंगाले लागेर मृत्यु भएको स्थानीय सेतेमान बलले जानकारी दिनुभयो ।

घरबाट विद्यालय जान झण्डै २ घण्टा लाग्ने बताइएको छ । दिदी र साथीहरुसँग घर फर्कंदै गरेकी सुष्माको टाउको र खुट्टामा चोट लागेको थियो । सुष्माको घटनास्थलमै मृत्यु भएको बताइएको छ। एकजना अर्का बालक पनि सामान्य घाइते भएको स्थानीय सेतेमान बलले जानकारी दिनुभयो ।

# सेनेटरी प्याड डिस्पोजल मेसिन सहयोग

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-४, थलीस्थित बाघभैरव आधारभूत विद्यालयलाई सेनेटरी प्याड डिस्पोजल मेसिन सहयोग गरिएको छ । शुक्रबार एक कार्यक्रमका बीच रोटरी क्लब अफ हेटौंडा र रोट्रयाक्ट क्लब हेटौंडाले संयुक्तरुपमा विद्यालयलाई मेसिन हस्तान्तरण गरेको हो ।

रोटरी क्लबका अध्यक्ष प्रमेश श्रेष्ठ र रोट्रयाक्ट क्लबकी अध्यक्ष सुमिना लामाले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुनिल बोम्जन र प्रधानाध्यापक सुवास स्याङ्बोलाई मेसिन हस्तान्तरण गर्नुभएको छ । अहिले विद्यालयमा आवश्यकता परेको प्याड डिस्पोजल मेसिन प्राप्त भएको भन्दै प्रधानाध्यापक स्याङ्बोले खुशी व्यक्त गर्नुभयो । प्रधानाध्यापक स्याङ्बोका अनुसार प्रयोग भइसकेका सेनेटरी प्याड उक्त मेसिनमा लगाएपछि मेसिनले जलाएर खरानी बनाउनेछ । यसले गर्दा जथाभावी फाल्नुपर्ने स्थितिको अन्त्य हुने र विद्यालय वरपरको वातावरण पनि सफा हुने उहाँको भनाइ छ ।

## जोन स्मृति फुटबल

# रमनटार र आयोजक टिम क्वार्टरफाइनलमा




समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी प्रथम संस्करणको जोन राना मगर स्मृति खुला नकआउट फुटबल प्रतियोगिताको तेस्रो दिनको खेलमा विजयी हुँदै रमनटार एफसी र आयोजक सयपत्री युवा क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको छ। शुक्रबार गाउँपालिका वडा-६ स्थित जोगीताल मैदानमा भएको खेलमा रमनटारले युथज्योति क्लबलाई १-० गोलले र सयपत्री क्लबले बेलचोकलाई २-० गोल अन्तरले हराउँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो ।

रमनटारबाट खेलको १० औं मिनेटमा निकेश रुम्बाले गोल गरेका थिए भने सयपत्रीबाट अजय तामाङ र सुदेश मुक्तानले गोल गरेका थिए। खेलको म्यान अफ द म्याच रमनटारबाट निकेश र सयपत्रीबाट अजय घोषित भएका छन् । उनीहरु दुबै जनाले नगद पुरस्कार प्राप्त गरेका छन् ।

२०७२ सालको भूकम्पमा परेर निधन भएका फुटबल खेलाडी जोन राना मगरको स्मृतिमा क्लबले यस वर्षबाट प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिताका लागि प्रथम पुरस्कारको प्रायोजन स्वर्गीय जोनका दाजु जकै राना मगरले गर्नुभएको छ भने द्वितीय पुरस्कारको प्रायोजन सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले गरेको बताइएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। फाइनल खेल भदौ १७ गते हुनेछ ।

# वक्तृत्वकलामा सञ्जेल प्रथम

समाज संवाददाता

हेटौंडाः श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल 'मुलमिलावा धाम' हेटौंडा उपमहानगरपालिका-६, गौरीटारको आयोजनामा भएको वक्तृत्वकला प्रतियोगितामा देविना सञ्जेल प्रथम हुनुभएको छ । शुक्रबार मुलमिलावा धाममा भएको अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगितामा बालजागृति इङ्गलिस सेकेण्डरी स्कूलकी सञ्जेल प्रथम हुनुभएको परिषद्का अध्यक्ष प्रदीप बास्तोलाले जानकारी दिनुभयो ।

प्रतियोगितामा सहभागी १४ जना प्रतियोगीमध्ये हेटौंडा-७ स्थित तासिर इङ्गलिस सेकेण्डरी बोर्डिङकी सिमोन भट्टराई द्वितीय हुनुभएको छ भने हेटौंडा-५ स्थित ज्ञानदीप शिक्षा (जीएस) निकेतन माध्यमिक विद्यालयकी युना महत तृतीय हुनुभएको छ । परिषद्ले प्रातियोगितामा सहभागी सबै विद्यार्थीलाई १६ हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री र प्रमाणपत्र प्रदान गरेको बास्तोलाले बताउनुभयो ।

परिषद्का जिल्ला अध्यक्ष सुजन तिमल्सिनाको प्रमुख आतिथ्य रहेको कार्यक्रममा अध्यक्ष बास्तोलाको सभाध्यक्षता रहेको थियो । श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल 'मुलमिलावा धाम' हेटौंडा उपमहानगरपालिका-६, गौरीटारले विविध कार्यक्रमको आयोजना गर्दै सप्ताहव्यापीरुपमा कृष्ण प्राकट्य उत्सव २०८१ मनाइरहेको छ । परिषद्ले भदौ ४ गते मंगलबारदेखि १० गते सोमबारसम्म विभिन्न कार्यक्रमको आयोजना गरेको छ ।

परिषद्ले आज शनिबार गौरीटार मुलमिलावा धाममा स्वास्थ्य शिविर र स्लो बाइक रेसको आयोजना गरेको छ । आइतबार मन्दिर सरसफाई कार्यक्रमको आयोजना गरेको छ भने अन्तिम दिन सोमबार जन्माष्टमी भव्यरुपले मनाउने भएको छ। बास्तोलाका अनुसार परिषद्ले सप्ताहव्यापी कार्यक्रमका लागि २ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।


# हेटौंडा-१७ बालमैत्री शासनयुक्त वडा घोषणा

समाज संवाददाता


हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१७ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । शुक्रबार बालमैत्री स्थानीय शासन वडा समितिको सहकार्यमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले घोषणापत्रमा हस्ताक्षर गर्नुहुँदै वडालाई निकृष्ट बालश्रममुक्त र बालविवाहमुक्त बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नुभएको हो ।

नेपाल सरकारको मापदण्डअनुसार बालमैत्री घोषणा गर्नका लागि आवश्यक ५१ वटा सूचकहरुमध्ये वडाले ४८ वटा सूचकहरु शतप्रतिशत पूरा गरेको बताइएको छ । बाँकी ३ वटा सूचकहरु क्रमशः ९८ प्रतिशत, ८१ प्रतिशत र ८० प्रतिशत पूरा भएको घोषणा कार्यक्रममा जानकारी दिइएको छ। वडाभित्र १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या २ हजार १ सय १० रहेकोमा वडालाई निकृष्ट बालश्रममुक्त र बालविवाहमुक्त गराउन सफल भएको बताइएको छ । यसअघि हेटौंडा-७ चौथो बालमैत्री वडा घोषणा भइसकेकोमा वडा नम्बर १७ पाँचौं वडाको रुपमा बालमैत्री घोषणा भएको हो। आज शनिबार हेटौंडा-१० छैठौं वडाको रुपमा बालमैत्री वडा घोषणा हुनेछ। कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका वडाध्यक्षहरुको उपस्थिति रहेको थियो ।

हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुती...

छिट्टै सञ्चालनमा आउँदै ।
Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा


२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-बीरगन्ज-हेटौंडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
भेष खड्गी, सञ्चालक
हाम्रो सुवो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३
सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)
ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)
मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"
हेटौंडा उपमहानगरपालिका
१० नं. वडा कार्यालय
निकृष्ट बालश्रम, बालविवाह मुक्त,
बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह
तथा शैक्षिक प्रदर्शनी मेला
गर्न लागिएको हुँदा सम्पूर्ण बालबालिकाहरूको बाल अधिकार सुनिश्चितता गर्दै बालमैत्री स्थानीय शासनयूक्त वडाको दिगोपनामा अग्रसर हुन सम्पूर्ण वडाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।
मिति: २०८१ भाद्र ०८ गते, शनिबार
समय: बिहान १०:00 बजे
स्थान: सोलिड्यारीटी ईन्टरनेशनल एकेडेमी

आयोजक:
हेटौंडा उपमहानगरपालिका १० नं. वडा कार्यालय एवम्
बालमैत्री स्थानीय शासनयुक्त वडा
घोषणा मूल समारोह समिति

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ